20441163

# NEPALI

*Maximum Marks : 80*

*Time Allotted : Three Hours*

*Reading Time : Additional Fifteen Minutes*

20441163

## Instructions to Candidates

1. You are allowed an **additional fifteen minutes** for **only** reading the question paper.
2. You must **NOT** start writing during reading time.
3. This question paper has **8 printed pages**.
4. It is divided into **two sections : Section A and Section B**.
5. It has **fifteen questions** in all.
6. **Section A** has **three questions**. All questions are compulsory.
7. While attempting **Multiple Choice Questions** in Section A, you are required to **write only ONE option as the answer**.
8. **Section B** has **twelve questions**. You are required to attempt **any four** questions in this section on **any three** out of the four prescribed textbooks.
9. The intended marks for questions are given in brackets [ ].

## Instruction to Supervising Examiner

1. Kindly read **aloud** the Instructions given above to all the candidates present in the examination hall.

SEAL


*© Copyright reserved.*

## SECTION - A
## LANGUAGE - 40 MARKS

**Question 1** **[15]**

**Write a composition in approximately 400 words in Nepali on any *one* of the following topics given below.**

**निम्नलिखित कुनै एउटा विषय छानेर नेपालीमा अन्दाजी ४०० शब्दहरूको लम्बाइमा रचना लेख्नुहोस्।**

(i) 'स्वच्छता एक अभियान मात्र होइन तर राष्ट्र निर्माणको आधार पनि हो।' – यस विषयमा प्रकाश पार्दै एउटा रचना लेख्नुहोस्।

(ii) 'शिक्षाले व्यक्तिलाई चेतना दिँदछ अनि आत्मनिर्भर पनि बनाउँछ।' – यस भनाइलाई सविस्तार व्याख्या गर्नुहोस्।

(iii) 'भाषा, साहित्य र संस्कृतिले हाम्रो अस्तित्वबोध गराउँछ।' – यस विचारलाई न्यायोचित ठहर गर्नुहोस्।

(iv) पर्यटनको विकास र विस्तारले आय वृद्धिसितै मानव संशाधनमा कस्तो प्रभाव पारिरहेको छ, – आफ्नो मत प्रकट गर्नुहोस्।

(v) 'एक माघले जाड़ो जाँदैन।'– यस उखानको सत्यतालाई चरितार्थ पार्दै आफ्ना विचार पनि व्यक्त गरेर रचना लेख्नुहोस्।

(vi) निम्नलिखित कुनै एक विषयमा मौलिक कथा लेख्नुहोस्।

(a) हर्ष

(b) छिमेकी

**Question 2**

**Read the passage given below carefully and then answer in Nepali the questions that follow, using your own words.**

**निम्नलिखित अवतरण ध्यानपूर्वक पढ़ेर त्यसपछि दिएका प्रश्नहरूका उत्तर जतिसक्दो आफ्नै शब्दहरू प्रयोग गरेर लेख्नुहोस्।**

नाम उसको उषा, जीवनको उषाकालमा नै छ उसको अवस्था पनि। चोखो र सफा बिहानीसित उसको तुलना हुन सक्दछ, फूलका कोपिलाहरूको पवित्रतासित उसको दाँजो गर्न सकिन्छ, धने साइँलाकी उ कान्छी छोरी! चराहरूको गीतपछि उ पँधेरा पुग्दछे हजुरआमाको पूजाको चोखो पानी भर्न। कलिला हात-खुट्टा र चोखो विचारसित निश्छल एउटा हाँसो हुन्छ उसको अनुहारमा सधैं। अबोधताको कुनै रूप हुँदो हो ता ठीक उषा जस्तै हुनुपर्ने हो। उषाले सधैं हाँसो मात्र देखेकी छ, प्यारो मात्र भएकी छ उ सधैं-सबैको। शीतलताको ओज्यालबाट कहिले उष्णतामा परेकी नै छैन! उ जान्दिन जीवनको जटिलता र कठोरता। उसको सोचाईको आकाश परिवारभन्दा ठूलो छैन, उ आमा र बाबाकी बराबर छोरी न एउटाको बेसी न अर्कोको कम्ती!

समय एउटै नरहने स्थिति अब उषाले पनि भोग्नुपर्ने बाध्यता सृष्टि भइदिन्छ। धने पहिलाको धने नरहीदिनु नै उषाको जीवनको ओज्याल सर्नु हुन्छ, शीतलता हराउनु हुन्छ। धनेले यो बुझ्न सकेको भए निश्चय उ यति कठोर बन्न नसक्ने नै हो तर अज्ञानताले धनेलाई लाचार पारेको पनि निश्चय पक्का हो। कोपिला जस्ती उषालाई पनि उ अब काँढ़ा देख्न थाल्दछ। घरमा सधैंको कोहोला देखेर-सुनेर उषा छक्क पर्दछे, उसको मायाको तराजूको सन्तुलनबाट धने ओर्लन्छ फुत्रुक्क उसले पत्तै नपाई! उ अब आमालाई नै सग्लो माया गर्ने हुन्छे, उसको सानो मुटुमा डर पस्छ र संसारको जटिलताको एउटा पाठ उसले थाहै नपाई पढ्छे। उसको अबोधताको आकाशमा एक धर्का कालो रंगको पोखिन्छ र उ तर्सन्छे।

तथापि उषाको मनमा सदैव आफ्ना आमा-बाबाप्रति प्रेम थियो। विश्वास र भरोषा थियो। केही दिन बाबाको व्यवहारमा परिवर्तन आएपनि बाबाले आफूलाई असल शिक्षा र संस्कार दिनेछन् भन्ने कुरामा विश्वस्त थिइ।

समय र परिस्थिति सधैं एउटै रहेन धने साइँलामा सकारात्मक परिवर्तन आयो। छोरीलाई माया गर्नथाल्यो, छोरीको हरेक काममा साथ दिन थाल्यो। उषा प्रशन्न भएर पढ्नमा मनयोग लगाई।

उषाका सुन्दर अक्षरहरूले पनि पाठशालामा उसलाई अरूदेखि अलग र विशिष्ट गराएको छ। आफ्ना मसिना औंलाहरूमा पेन्सिल चेपेर उ ध्यानसित जब लेख्न बस्छे, अक्षरहरू सुन्दर तालमा पन्नामाथि नृत्य गर्न थाल्दछन् अनि उ प्रशंसाको पात्रा बन्न पुग्दछे। परीक्षामा उ सबैभन्दा अघि हुन्छे, उसको प्रयासमा धने साइँलाको प्रेमबाहेक अरू योगदान कसैको छैन। आमा-बाबुको प्रेमले अघाएर नै उ अरू आवश्यकताहरूदेखि अनभिज्ञ छे, उसको निम्ति बाटो सोझो तेर्सिएको छ-पढ्नु, परिश्रम गर्नु र प्रशंसा पाउनु।

उषाले चारैतिरबाट प्रशंसा पाउन थाली। उसको नाम रोशन भयो। अनवरत प्रयास, लगाव र निष्ठाले उषालाई एक सफल व्यक्तित्व र असल नागरिक बनायो। उ सबैको उदाहरण भएर भएर काम गर्न थाली।

(कथाकार सम्पूर्णा राईद्वारा लिखित कथा संग्रह 'नाभो' - बाट केही अंश साभार)

(i) उषा को हो? उसको अवस्था कस्तो छ? [3]

(ii) उषाले कस्तो बाध्यता भोग्नुपर्‍यो? [3]

(iii) पाठशालामा उसलाई अलग र प्रशंसाको पात्रा बनाउने कारणं कस्तो थियो? [3]

(iv) 'पाठशाला'-को पर्यायवाची शब्द कुन हो? [1]

(a) घर
(b) संसार
(c) विद्यालय
(d) शिक्षा

(v) 'साइँलो'-भन्नाले कुन संख्यामा आउँछ? [1]

(a) ४
(b) ३
(c) २
(d) १

(vi) 'राजकुमारी' – को पुलिङ्ग शब्द के हो? **[1]**

(a) राजा

(b) राजनायक

(c) राजपुत्र

(d) राजकुमार

(vii) 'अबोधता'–को शाब्दिक अर्थ के हो? **[1]**

(a) अज्ञानता

(b) बुझ्नु

(c) ज्ञानी

(d) अनुभवी

(viii) उषाको दाँजो केसित गर्न सकिन्छ? **[1]**

(a) प्राकृतिक छटासित

(b) फूलका कोपिलाहरूको पवित्रतासित

(c) औंसीको कालो रातसित

(d) स्वर्णिम बिहानीसित

(ix) उषाको जीवन कसरी सफल भयो? **[1]**

(a) समाजको कारण

(b) ईश्वरको कृपाद्वारा

(c) सकारात्मक सोच, लगाव र निष्ठाको कारण

(d) साथीहरूको सहायता लिएर

**Question 3**

**Do as directed.**

**निर्देशन अनुसार सही विकल्प छनौट गरेर उत्तर दिनुहोस्।**

(i) 'कृपण' शब्दको पर्यायवाची शब्द कुन हो? **[1]**

(a) यत्न

(b) कन्जुस

(c) दाता

(d) हर्ष

(ii) 'उत्तम' शब्दको विपरीतार्थक शब्द कुन हो ? [1]

(a) अधम
(b) श्रेष्ठ
(c) उर्वर
(d) वृत्त

(iii) 'व्याकरणको ज्ञाता' – लाई के भनिन्छ ? [1]

(a) ज्ञानी
(b) वैज्ञानिक
(c) वैयाकरण
(d) प्रसिद्ध

(iv) 'जसले मह काढ्छ . . . . . . . ।' यो उखान केले पूरा हुन्छ ? [1]

(a) उसैले बेसी खान्छ
(b) उसैको हात दह्रो हुन्छ
(c) मीठो मीठो पाउँछ
(d) उसैले हात चाट्छ

(v) 'कमिला' शब्दको धेरैलाई कुन शब्दले बुझाउँछ ? [1]

(a) बथान
(b) दल
(c) ताँती
(d) हूल

(vi) 'नाकरिग' – यस शब्दको शुद्ध रूप कुन हो ? [1]

(a) नागरिक
(b) नाकरिक
(c) नागरीक
(d) नाकरीग

(vii) 'कान देऊ कुरा नदेऊ।' – यस उखानको अर्थ के हो ? [1]

(a) आफ्नै काममा व्यस्त हुनु
(b) नभएको कुरा बताउनु
(c) बेसी नबोल्नु
(d) सुन्नुपर्छ तर बोल्नु हुँदैन

20241163

(viii) 'लोग्ने'– को स्त्रीलिङ्ग शब्द कुन हो ? **[1]**

(a) लोग्नेनी

(b) स्वास्नी

(c) आमा

(d) बुहारी

(ix) 'म हिजो विद्यालय गएँ।' – यो वाक्य कुन कालमा छ ? **[1]**

(a) वर्तमानकाल

(b) भविष्यत्काल

(c) भूतकाल

(d) अपूर्ण भूतकाल

(x) हाँसको बच्चालाई के भनिन्छ ? **[1]**

(a) टिउरो

(b) भुरा

(c) बचेरो

(d) छावा

## SECTION - B
## (LITERATURE - 40 MARKS)

Answer ***four*** questions from this section on ***any three*** out of the four prescribed textbooks.
पाठ्यक्रमभित्रका निर्धारित **चार** पुस्तकमध्ये ***कुनै तीनवटा*** पुस्तकबाट **चारवटा** प्रश्नहरूको उत्तर लेख्नुहोस्।

### गद्य कुञ्ज (GADYA KUNJ)

**Question 4**

निम्न अवतरित गद्यांश पढ्नुहोस् अनि सोधिएका प्रश्नहरूका उत्तर लेख्नुहोस्।

'दुःख–सुखका कुरा गरेर संगै हिँड्छन्। आफ्नो स्वास्नी चाहिँ झगड़ा गरेर माइततिर हिँड्छे। बिहा भएको यतिका दिन भै सक्यो कैल्यै राम्रो मुखले बोलेको थाहा छैन। फेरि एउटा भएको भैँसी पनि नजीक पर्न दिँदैन। आफू त माइत गई–गई, भैँसीलाई पनि एक हाते पारेर गई। यो भैँसीले गर्दा गालामा कोकलेको लबटो पऱ्यो।'

(i) यहाँ को–को दुःख सुखका कुरा गरेर हिँड्का हुन् ? **[1]**

(ii) कसको स्वास्नी के कारण झगड़ा गरेर माइततिर हिँड्छे ? **[2]**

(iii) वक्ताले कोकलेको लबटो किन थाप्न परेको हो ? **[2]**

(iv) प्रस्तुत कथाको शीर्षक के हो ? कथाको मूल भाव स्पष्ट पार्नुहोस्। **[5]**

**Question 5** **[10]**

'फेरि कटुवाललाई सम्झें। मनले भन्यो–कटुवाल एक बलिया कवि।'– प्रस्तुत पाठमा उल्लेख गरिएका कटुवाल को हुन्? निबन्धकारले यस पाठमा कुन–कुन स्रष्टाहरूका कस्ता कामको उल्लेख गरेका छन्? विवेचना गर्नुहोस्।

**Question 6** **[10]**

'टाढोमा एक–दुइ सेता घरहरू, एउटा कुदिरहेको मोटर गाड़ी देखेपछि कोही बोल्न सम्म सकेन। उनीहरू कसैको मनमा आइपुगेको हर्ष थिएन।' – यस कथामा 'उनीहरू' को हुन्? किन उनीहरूलाई आइपुगेको हर्ष थिएन? यस कथाका पात्रहरूले भोग्न परेको परिस्थितिबारे विस्तृत चर्चा गर्नुहोस्।

## कविता कुञ्ज (KAVITA KUNJ)

**Question 7**

निम्न अवतरित पद्यांश पढ्नुहोस् अनि सोधिएका प्रश्नहरूका उत्तर लेख्नुहोस्।

'जय जगदीश्वर! देखें विश्वव्यापी प्रकाश त्यो खास
सुक्ष्म लटाई–भित्रै रहेछ प्रभुको निवास वा भास।'

(i) प्रस्तुत पद्यांश कसले लेखेको कुन कवितामा पाइन्छ? [1]

(ii) विश्वव्यापी प्रकाश भन्नाले के बुझिन्छ? यहाँ कसले त्यो प्रकाश 'देखें' भनेका छन्? [2]

(iii) 'सुक्ष्म' भन्नाले के बुझिन्छ? प्रभुको निवास कहाँ रहेछ? [2]

(iv) यस कविताले कस्तो सन्देश दिएको छ? वर्णन गर्नुहोस्। [5]

**Question 8** **[10]**

'निम्तो' शीर्षक कविताले हामीलाई कस्तो सन्देश दिएको छ, विवेचना गर्नुहोस्।

**Question 9** **[10]**

''चौराहामा मगन्तेले छानी छानी दुःखका बजार लाए।'' – प्रस्तुत कविताको भाव स्पष्ट पार्दै मेलारूपी जीवनबारे चर्चा गर्नुहोस्।

## जुनेली रेखा (JUNELI REKHA)

**Question 10**

निम्न अवतरित गद्यांश पढ़ेर सोधिएका प्रश्नहरूका उत्तर लेख्नुहोस्।

'बूढ़ाको मन कति प्रेमी र उदार। गद्गद् भएर जसेले अन्तःकरणबाट बूढ़ालाई मौन श्रद्धा र कृतज्ञता अर्पण गऱ्यो।'

(i) यहाँ बूढ़ा भनेर कसलाई भनिएको हो? [1]

(ii) जसे किन गद्गद् भयो? बूढ़ालाई कृतज्ञता अर्पण गर्नुपर्ने कारण के थियो? [2]

(iii) जसे को हो? कसरी उसले बूढ़ालाई भेट्यो? [2]

(iv) जसे कसरी यहाँ आइपुग्यो? पाठको आधारमा वर्णन गर्नुहोस्। [5]

**Question 11** **[10]**

'हट्टाबाहिर' भन्नाले के बुझिन्छ ? जसे हट्टाबाहिर हुनुको कारण के थियो ? चर्चा गर्नुहोस्।

**Question 12** **[10]**

'मालिनीको दृढ़ संकल्प सुनेर चियावाला सरदार तर्सियो। अनि सचेत पनि भयो।' – यस अवतरणमा उल्लेखित मालिनीको जीवनमा आइपरेको परिस्थिति बताउँदै तत्कालीन चिया बगानका मजदुरहरूले भोग्न परेका दु:ख-कष्टबारे सविस्तार वर्णन गर्नुहोस्।

## अनि देवराली रून्छ (ANI DEORALI RUNCHA)

**Question 13**

निम्न अवतरित गद्यांश पढ्नुहोस् अनि सोधिएका प्रश्नहरूका उत्तर लेख्नुहोस्।

रणधोज – तर छोरी जहाँसम्म मेरो विश्वास छ, जन्तीहरू खाली हात फर्किनु मान्दैनन्।

जुना – तब तपाईँ के गर्नुहुन्छ त ?

रणधोज – मेरो बिन्ती छ बाबु, बहिनीको बदलीमा तुँ डोलीमा चढेर गइदे।

जुना – (आकाश खसे झैं) बुबा तपाईँ यो के भन्नुहुँदैछ ?

रणधोज – (रोदित स्वरमा) यसमा मेरो इज्जतको कुरा छ बाबु,......

जुना – (कुरा काट्दै) त्यसो भने के तपाईँलाई मेरो जीवन भन्दा आफ्नो इज्जत प्यारो छ ?

रणधोज – (हात जोर्दै) मु तुँलाई बिन्ती गर्छु बाबु! आखिर यो संसारमा तुँ बाहेक मेरो अरुको रह्यो र। यदि तुँइले पनि मुलाई गुहार गरिनस् भने मु कसलाई गुहार माग्न जाउँ। तुँलाई मेरो माया छैन छोरी ?

(i) उक्त अवतरण भएको पुस्तक कसले लेखेका हुन् ? **[1]**

(ii) जन्ती र डोलीको अर्थ के हो ? **[2]**

(iii) यहाँ कसको कस्तो इज्जतको कुरा गरिएको हो ? **[2]**

(iv) यहाँ कसले कसलाई के को निम्ति बिन्ती गरिरहेछ, स्पष्ट पार्नुहोस्। **[5]**

**Question 14** **[10]**

"अनि देवराली रुन्छ" – नाटकको भाषाशैलीबारे चर्चा गर्दै, पात्र पात्राको जीवनचर्या र वातावरण कथावस्तु अनुरूप सुहाउँदिलो छ वा छैन दृष्टान्त दिएर चर्चा गर्नुहोस्।

**Question 15** **[10]**

'अनि देवराली रुन्छ' नाटकमा सम्पन्नवर्गका मानिसहरूले गरीबहरूमाथि गरेको अन्याय र अत्याचारबारे विस्तारपूर्वक चर्चा गर्नुहोस्।



SEAL
20442163201411